# सामाजिक परिक्षण प्रतिवेदन–२०७८

## मंगलसैन नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, अछाम

## Contents


१. नगरपालिकाको संक्षिप्त परिचय ........ 3

१.१. पृष्ठभूमीः ........ 3

१.२. सामाजिक परिक्षण ........ 4

१.३. सामाजिक परीक्षणको उद्देश्यः ........ 5

१.४. सामाजिक परीक्षणका आधारः ........ 5

१.५. सामाजिक परीक्षणको प्रक्रियाः ........ 5

२. मंगलसैन नगरपालिकाको नीति, प्राथमिकता तथा लक्ष्यहरू ........ 6

३. आव ०७७।०७८ मा सम्पादित कार्यवाट प्राप्त भएका मुख्य मुख्य उपलब्धीहरू ........ 6

२) आर्थिक क्षेत्र ........ 7

क. कृषि तथा पशु ........ 7

ख) पुर्वाधार क्षेत्र ........ 8

ग) सामाजिक क्षेत्र ........ 8

१) स्वास्थ्य शाखा ........ 8

२) महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा ........ 9

३) शिक्षा ........ 9

घ) संस्थागत विकास,सेवा प्रवाह र सुशासन ........ 9

ङ) वातावरण तथा विपद व्यवस्थापन ........ 9

४. नगरपालिकाकोको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा ........ 10

६. गत वर्षमा भोगेका समस्याहरू ........ 17

७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव ........ 18

८. सामाजिक परिक्षणको क्रममा भेलावाट आएका सवाल तथा सुझावहरु ........ 18

९ निष्कर्ष ........ 19

# मंगलसैन नगरपालिका

समाजिक परीक्षणको प्रतिवेदन

मितिः२०७८ कार्तिक १६ गते

## १. नगरपालिकाको संक्षिप्त परिचय

### १.१. पृष्ठभूमीः

नौखुवा अछाममा नौबिस ले एक खुवाको प्रतिनिधित्व गर्दथ्यो । बि.स. १८४७ मा गोर्खाली सरदार अमर सिं थापा, जगतजित पाण्डे, दलन शाहिले अछाम जिल्ला कब्जा गरेपछि नौबिस मौजाका रुपमा बिकास भई मोतिपुरको बिस्थापन पछि मंगलसेनलाई १८ औँ शताब्दि तिर मना ग्रमिण मना गाँउ भनेर चिनिन्थ्यो । १८४९ मा तालुकदारी मुखिया प्रथा पश्चात कैलाशखोला देखी दक्षिण् भैसलेको पानी जनालीवण्डाली को सिमाना देखी उत्तर छुचुन्द्रे खोला पूर्व र तापिरवा पश्चिमलाई नौबिस ९ वटा २० घरदैलोको संख्याका आधारमा नौबिस ग्रामिण पन्चायत हुदैँ १९३५ देखि १९४१ मा मंगलसेन दरबार निर्माण भइ अमालको व्यवस्था गरियो र त्यही बाट अछाम जिल्लाको प्रशासनिक कार्य हुदै आएको थियो ।

२००७ सालको परिवर्तन पछि २०१३ सालमा राजा महेन्द्रको डोटि सवारीका बेला अछामका अगुवा नेताहरुले सवारीमा छाममा माल कार्यालय चाहियो भनि आन्दोलन गरे बाफत प्रहरी हस्तक्षेपमा थुप्रै नता घाइते भएपछि आन्दोलनको भावना महसुस भई २०१४ सालमा अछाम पंगलुेन मै माल कार्यालय को स्थापना भएको देखिन्छ । २०१७ सालको राजाको निरंकुस शासन लागु भए पछि २०१८ सालमा नौबिस ग्राम पंचायत भई २०१९ सालमा मंगलुेन गाँउ पंचायतको नामबाट नामाकरा भई २०२२ सालको भूमिसुधार पश्चात बजारको दुई तिरको सैन समथर जग्गा हालको विविस रहेको वरिपरि र मालिका विकास बैंक अगाडि रहेको जग्गा र मंगला देविको मन्दिर लाई जोडि मंगलसेन नामाकरण भएको पाइन्छ । २०७१ साल बैसाख २५ गते मंगलसेन नगरपालिका घोषण गरे पश्चात २०७१ साल जेष्ठ ४ गते विधिवत रुपमा स्थापना गरिएको हो मंगलसेन नगरपालिकामा १४ वटा वडाहरु रहेका छन । वडा नं ५मा नगरपालिकाको केन्द्र पर्छ जुन अछाम जिल्लाको सदरमुकाम समेत हो वडा नं ३, ४, ८, ६ जोडिएका छन र वडा नं १३ केन्द्र बाट करिब २६ कि.मि. टाढा पर्छ र अन्य वडाहरु भन्दा दुर्गम समेत हो । मंगलसेन नगरपालिका सुदुरपश्चिम प्रदेशको प्रादेशिक राजधानी धनगढी, कैलालीबाट ३०८ कि.मी र संघिय राजधानी काठमाण्डौँबाट ९४२ कि.मी टाढा दुरीमा पर्छ । समशितोष्ण हावापानि पाइने यो क्षेत्रमा औषत वार्षिक १२५ से.मी सम्म वर्षा हुन्छ । यस क्षेत्रको सरदर तापक्रम गर्मि याममा २४ देखी ३२ सेन्टिग्रेड सम्म हुन्छ भने शीतकालिनमा शुन्य डिग्री से. सम्म ओर्लिन्छ । नगर पाश्र्वचित्र २०७५ अनुसार नगरपलिकामा पुरुष १८७७५ र महिला १८७२१ गरी ३७४९६ जनसंख्या रहेको छ । सोही तथ्यांक अनुसार घरधुरी संख्या ६६९८ रहेको छ । जातिगत रुपमा क्षेत्री १९५२६, ब्राहमण ५३५७, दलित १२६०९ र जनजाति ४ जना बसोवास गर्दछन र प्राय सबैले नेपालि भाषालाई मातृ भाषाका रुपमा प्रयोग गर्दछन । नगर पालिकामा करिब ७० प्रतिशत जनसंख्या साक्षर छन । भेषभुषा चालचनका रुपमा पूरुष मानिसले कोट पाइन्ट टोपि लगाउछन भने महिलाले गुन्यू चोली लगाउछन। धार्मिक रुपमा पाश्र्वचित्र २०७५ अनुसार हिन्दु

३७४५१, इस्लाम ३५ जना र क्रियश्चन ३ को बसोबास रहेको देखिन्छ । मुख्य चाड पर्वहरु मा दशै, तिहार, विसु, हारि, माघितिहार, तिज, गौरापर्व आदि हुन । नगरपालिकामा कालिका मन्दिर, कैलाशमुठ, धुम्रलोचनी, जिमराडि, भट्टे मालिका, ठुलासैन मालिका जस्ता धार्मिक क्षेत्र, अछाम दरबार, सुरेइकोट, देवल जस्ता पुरातत्व सम्पदाका साथै अयाँर वण्ड जस्ता पर्यापर्यटकिय क्षेत्र पर्दछन ।

पालिकामा १० वटा माध्यामिक विद्यालय, माद्यामिक विद्यालयमा ९ देखि १२ सम्म ४ वटा विद्यालय रहेको छ । ३९ वटा आधारभुत विद्यालय गरी जम्मा ४९ वटा विद्यालय पर्दछन, ५९ वटा बालविकासकेन्द्रहरु र सामुदायीक सिकाइकेन्द्रहरु ८ वटा रहेका छन र २ वटा क्याम्पस संचालनमा छन । नगरपालिकामा ८ वटा स्वास्थ्यचौकि र ८ वटा शहरी स्वास्थ्य संचालनमा रहेका छन । नगरपलिकाको क्षेत्रभित्र अछाम जिल्ला अस्पताल समेत रहेको छ ।

नगरपलिकाका १४ वटै वडाहरुमा सडक संजाल मा जोडिएको छन भने सवै वडाहरुमा इन्टरनेट जडान गरिएको छ, । वडा नं १३ वाहेक सवै वडाहरुमा विद्युत लाइन विस्तार भइसकेको छ । नगरवासीहरुको मुख्य पेशा कृषि हो भने त्यस बाहेक सरकारी सेवा, पशुपालन लगायतका पेशा व्यावसायमा मानिसहरु संग्लन रहेका छन । नगरपालिका भित्र आर्थिक क्रियाकलापहरु अपेक्षाकृत नभइसकेकोले हाल नगरपालिको मुख्य आम्दानीको रुपमा नगरभित्र का ससाना व्यवसायहरु दर्ता शुल्क, नगरका साधनहरु डोजर, एम्वुलेन्स टिप्पर परिचालन गरेर आन्तरिक आम्दानी परिचालन गरिरहेको छ ।
*स्रोतः* ***https://mangalsenmun.gov.np/ne/node/3***

## १.२. सामाजिक परिक्षण

“आफ्नो जग्गा आफ्नो बारी, बाँझो नराखी बनाऔं हरीयाली” मुल नाराका साथ मंगलसैन नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरु निर्माण गरि कार्यान्वयनमा लगिएको छ साथै मंगलसैन नगरपालिका समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने आफना विभिन्न खालका संकल्प सहित सिर्जना गरीएका अनेक नीति नियम र निर्देशिका निर्माण गरि कार्यान्वयन गरिरहेको छ भने नेपाल सरकारले अझै स्थानीय तहलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासको लागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएको छ । यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ । स्थानीय तहमा अनुदान रकम पनि विगतका दिन भन्दा बढोत्तरी भएको छ । यसले स्थानीय तहलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको भनौ घरको सरकार भनेकै स्थानीय सरकार हो जसमा मुलत नगरपालिकाका नागरीकको दुख बेदना अनी मर्महरुलाई नजिकबाट नियालेर सोही विषबस्तुसँग साक्षतकार भएर काम गर्ने भएबाट पनि नागरिकहरुका आशा र अपेक्षा निकायसँग बढि नै हुन्छन भने यसको दायित्व समेत सोही रुपमा बढ्ने देखिन्छ । स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ ।

स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन तथा स्थानीय स्तरमा भए गरिएको कामकारवाहीको

जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । जस अनुसार "सामाजिक परीक्षण" लाई स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य महत्वपुर्ण औजारको रुपमा लिईएको छ । सो प्रयोजनका लागि मंगलसैन नगरपालिकाले सामाजिक परिक्षण कार्यविधि २०७७ निर्माण गरि सो कार्यविधिको अधिनमा रहि पालिकाको आव०७७।७८ को सामाजिक परिक्षण कार्य अगाढी बढाईएको हो ।

## १.३. सामाजिक परीक्षणको उद्देश्यः

मंगलसैन नगरपालिकाको कार्यसम्पादनस्तरलाई सुधार गर्न सहयोग पुर्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । सामाजिक परिक्षण अध्ययन प्रतिवेदनका निम्नअनुसारका उद्देश्यहरु रहेका छन ।

- ✓ नगरपालिकाले निवार्ह गर्नु पर्ने सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- ✓ नगरपालिकालाई नागरीक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी र सुलभ, भरपर्दो पारदर्शि बनाउन समग्र कार्यसम्पादनमा सुधार ल्याउन सुझाव प्राप्त गर्ने ।
- ✓ कार्यसम्पादन मापनमा अझ प्रभावकारिता ल्याउन सुझाव पेश गर्ने ।

## १.४. सामाजिक परीक्षणका आधारः

मंगलसैन नगरपालिकाको कार्यसम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावको लेखा जोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम रहेका छन् ।

- मंगलसैन नगरपालिका कार्यालयको संगठन संरचना
- मंगलसैन नगरपालिकाको नीति, रणनीति र आगामी कार्य क्षेत्र र सोको प्रभावकारीता
- मंगलसैन नगरपालिकाको योजना, नीति तथा कार्यक्रम, वजेट व्यवस्थापन
- मंगलसैन नगरपालिकाको कार्यक्षेत्र र सोको अनुगमन, मुल्यांकन
- मंगलसैन नगरपालिका महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि नगरपालिकाले खेलेको भूमीका
- मंगलसैन शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण र विकासमा नगरपालिकाले दिएको योगदान
- मंगलसैन सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाजप्रतिको दायित्व निर्वाह
- मंगलसैन नगरपालिकाको सामाजिक योगदान ।

## १.५. सामाजिक परीक्षणको प्रक्रियाः

सामाजिक परिक्षण कार्यलाई परीमाणात्मक बनाउन पालिकाकाले गरेको वार्षिक कार्यसम्पादनवाट आएका सकारात्मक तथा नकारात्मक परिणामहरुलाई अवलोकन, छलफल, अन्तर्क्रिया, प्रतिवेदन तथा अन्य दस्तावेजको अध्ययनवाट आएका तथ्याङ्को प्रयोग गरी सामाजिक परिक्षण प्रतिवेदन तयार गरिएको हो । नगरपालिकाले सारभूत रुपमा गर्नु पर्ने धैरै कामहरुको प्रयास र नागरिकहरुको नगरपालिका प्रतिको अपेक्षा समेत अत्यधिक बढ्दो रहेको परिस्थीको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका वीचमा पनि पालिकाले निर्वाह गर्नु

पर्ने सामाजिक दायित्व समेतलाई केन्द्रीत गरि सामाजिक परिक्षण प्रकृया अगाढि बढाईएको हो । जस अन्तर्गत तपशिलमा उल्लेखितका प्रक्रियालाई अवलम्बन गरिएको छ ।

- स्थलगत अवलोकन भ्रमण र अन्तरवार्ता
- कार्यालय प्रतिवेदन तथा अभिलेखहरु
- सर्वेक्षण तथा सूचना संकलन
- विषयगत शाखा प्रमुखहरुसँगको छलफल  तथा अन्तरक्रिया
- उपलव्धी, परिणाम र प्रभाव आदि सूचकको आधारमा मूल्याङ्कन गर्ने र प्रतिवेदन गर्ने ।

## २. मंगलसैन नगरपालिकाको नीति, प्राथमिकता तथा लक्ष्यहरू

मंगलसैन नगरपालिकाले यस नगरलाई दिर्घकालिन सोचमा आधारित समृद्धिको मार्गप्रसस्त गर्न देहाय बमोजिमको लक्ष्य निरधारण गरेको छ ।

- “मंगलसैन नगर विकासको आधार, कृषि पर्यटन सहितको पूर्वाधार”
- “एक वडा एक उत्पादन/पहिचान”
- “किसानहरुको मुहारमा मुस्कान आधुनिकीकरण र प्रविधिकीकरणको अभियान"
- “शुन्य बाझो खेतीयोग्य जमिन मंगलसैन नपाको स्वाभिमान"
- “सवैका लागि जीवन उपयोगी शिक्षा"
- “आफु जहाँ आफ्ना तहाँ"
- “वडा वडामा निशुल्क स्वास्थ्य शिविर (जनतासँग डाक्टर कार्यक्रम)”
- “एक घर एक करेसावारी पोषणयुक्त नगरवासी"
- “हामी सवैको एउटै रहर, स्वच्छ सफा मंगलेन नगर"
- “एक वडा, एक उद्यान"
- “एक व्यक्ति एक फलफुलको विरुवा"
- “मैले तिरेको कर मेरै नगरविकासका लागि"

## ३. आव ०७७।०७८ मा सम्पादित कार्यवाट प्राप्त भएका मुख्य मुख्य उपलब्धीहरू

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम मंगलसैन नगरपालिकाले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु तथा उपलब्धिहरु निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

१) राम्रा अभ्यास/सवल पक्ष

- १४ वटा न्यायिक समितिमा उजुरीहरु दर्ता भएको मध्ये ११ वटा मुद्दाको मेलमिलाप विधिवाट समाधान भएको वाकी ३ वटा मुददा अझै फछ्यौट हुन वाकी छन ।
- नगरपालिकामा जनप्रतिनिधि, कर्मचारी, क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच सहकार्य र समन्वय भएको देखिएको ।

- नगरपालिकाले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय ऐन, कानुन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघी बढेको पाईयो ।
- नगरपालिकाले राजश्व बृद्धि गर्ने प्रयासहरु भएको पाईयो ।
- निर्देशिका अनुसार पालिकाको कार्यक्रम बजेट निर्माण गरी कार्ययोजना अनुसार कार्यन्वयन गरिएको ।
- नगरपालिकाले महिला तथा सिमान्तकृत वर्ग समुदायको सहभागितामा बजेट तर्जुमामा गरि वडास्तरसम्म योजना छनौट र तर्जुमामा प्रक्रियालाई प्रभावकारी बनाउदै आएको ।
- सेवा प्रवाहलाई प्रभावकारी जवाफदेही बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजूरी पेटीका स्मार्ट मोवाईल एप्पलिकेशन समेत निर्माण गरिएको ।
- जनप्रतिनिधि सहित टोल विकास संस्था, स्थानिय संघ संस्था, समुह, समितिले योजना छनौट तर्जुमा, कार्यान्वयन र प्रतिफल वितरण सम्ममा नगरपालिकासँग साझेदारी र सहकार्य गर्ने गरेको पाईयो ।
- पालिकामा रहेका ७ वटा पर्यटकीय क्षेत्रहरुको पहिचान भई संघिय सरकारसँगको साझेदारीमा ५ वटा योजनामा लगानी भई काम भईरहेको ।
- १२, १४ आलु, धान वडा नं ९, वडा ६ भैसी पकेट, दुग्ध विकास कार्यक्रम मध्यपहाडी राजमार्ग क्षेत्रमा

## २) आर्थिक क्षेत्र

### क. कृषि तथा पशु

- कार्यक्षेत्रका ७४२४ जना कृषकहरुले आफ्नो पशुपंक्षीमा लागेको रोगहरुको निशुल्क उपचार सेवा तथा औषधी पाएका ।
- रोजगारीका लागि पालिकाको कृषि तथा पशु शाखा मेडपा लगायतका शाखाहरुवाट रोजगार सृजनाका कामहरु संचालन भईरहेको ।
- किसानले उत्पादन गरेको कृषि उपजहरुको सहज विक्री वितरणका लागि नगरपालिकाको वडा नं ५ मा हाटबजार संचालन भईरहेको ।
- साना तथा सिमान्तकृत कृषकहरुलाई हाटवजारवाट आफनो कृषि उत्पादन सजिलै विक्री वितरण गर्ने सहयोग पुगेको । किसानहरुलाई कृषि जन्य उत्पादन गर्न हौसला प्रदान भएको ।
- पालिकामा जम्मा ९८ समुह गठन भई सेवा लिई रहेका ।
- पालिका भित्रका जम्मा ९८ जना कृषकले शाखा वाट ५० प्रतिशत अनुदानमा हिउदे सिजनको आलुको वीउ लिई ६६ रोपनीमा ४५।५ मे टन आलु उत्पादन गरेका छन ।
- ८२ जना कृषकले ३० क्वीन्टल ले वर्षे आलु खेती गरेका छन ।
- ३५९ घरपरिवारले तरकारी खेती गरि करीव १४ मेट्टीक टन तरकारी उत्पादन गरेका छन ।
- १३ वटा साना सिचाई योजनाहरु संचालन भइ निर्माण सम्पन्न भएको ।
- पालिकाले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखि उत्पादन सम्भवनाका आधारमा वडा नं १२,१४ आलु, वडा न ९ धान, वडा ६ भैसी पकेट, र दुग्ध विकास कार्यक्रम मध्यपहाडी राजमार्ग क्षेत्रमा काम संचालन भईरहेको ।

- पालिकामा १२४ जना साना तथा सिमान्तकृत कृषकहरु पालिकाको लगानीवाट व्यवसायीक कृषकको रुपमा विकास भई स्वरोजगार भईरहेका ।

## ख) पुर्वाधार क्षेत्र

- कुल जम्मा ७ वटा निर्माण कार्य तथा मालसामान खरिदको टेन्डर आह्वान गरिसकिएको जसअन्तर्गत ४ वटा निर्माण कार्यहरु तथा ३ वटा सामान खरिदको कार्यहरु भएको
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ आ.व.मा १२ वटा योजना संचालन भई सम्पन्न भएको ।
- नगरपालिको वडा नं ५ मा मंगलसैन खेल मैदान पालिका र संघिय सरकार साझेदारीमा खेल मैदानको निर्माण भईरहेको ।
- सार्वजनिक स्थानहरुमा सौर्य बति जडान (मंगलसैन बजार क्षेत्र, ठुलासैन, ठाटीखाद, कालागाउँ) कार्य सम्पन्न भएको ।
- पालिकाले फोहर व्यवस्थापनका लागि वडा नं ६ मा डम्पिंग क्षेत्रको निर्माण गरेको ।

## ग) सामाजिक क्षेत्र

### १) स्वास्थ्य शाखा

- नगरलाई आव ७७।७८ को वैशाख ५ गते मा पुर्ण खोप नगर घोषणा भई ३२३ जनाले पुर्ण खोप पाएको प्रमाणिकरण गरिएको ।
- मंगलसैन नपा भित्रका १० वटा माध्यामिक विधालयहरुमा विधालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत १० वटा विधालय नर्स नियुक्ति गरि गरि चालन गरेको ।
- पालिकाको वडा नं ३ ४ ५ ८ र १० मा आधारभुत स्वास्थ्य सेवा स्थापना गरेको ।
- ६२ वटा स्वास्थ्यकर्मीले बृहत पोषण प्याकेज तालिम प्राप्त गरि सवास्थ्य संस्थामा कुपोषित वालवालिको पहिचान गरि उपचार गर्न सफल भएका ।
- ७ वटा स्वास्थ्य चौकीमा कुपोषित वालवालिकाको मापन गर्नका लागि आवश्यक सामाग्रीहरुले वालवालिकालाई भर्ना गरि उपचार गर्न सहयोग पुराएको छ । उक्त उपचारवाट ८ कुपोषित वालवालिकाले उपचार लिए ।
- २ जना नर्सिंग स्टाफले SBA तालिम लिई स्वास्थ्य संस्थामा कुन्तीवण्डाली र वान्नातोली सेवा दिई रहेको ।
- कोभिड पीसिआर जाच संख्या २४५२ जसमा ७७१ जना पोजेटिभ रिपोट आई उपचार गरेको ।
- पालिकामा कोभिड प्रभावितहरुको उपचार तथा तथा रोकथाम गर्न १ आईसोलेसन र ३८ क्वारेन्टाईन संचालन गरेको ।
- पालिकामा विभिन्न क्षेत्रका ७२६२ जनाले पहिलो मात्रा र ४०७७ दोस्रो मात्रा खोप लगाएका छन ।
- ७ वटा स्वास्थ्य संस्थामा सुरक्षित औषधि द्धारा सुरक्षित गर्भपतन सेवा सुचारु भएको ।

## २) महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा

- मालिका विकास संघ नेपाल परिवर्तन परियोजना र पालिकाको सझेदारीमा उधम विकासका लागि वडा ५ मा साझा सुविधा केन्द्र भवन निर्माण संम्पन्न भएको ।
- मंगलसैन नगरपालिकाका वडा नं १ देखि १४ सम्मका १४ जनालाई अपांगता परिचय पत्र प्रदान जारी गरिएको ।
- ४ जना जोखिममा रहेका वालवालिकालाई आर्थिक सहयोग गरिएको एक जनालाई उपचार सहयोग गरिएको छ।
- ३ जना बालबाबालिकालाई सामाजिक विकास मन्त्रालयबाट (६ हजार र नगरपालिकाबाट १० हजार आर्थिक सहयोग) गरि बाबु आमा दुबै गुमाएका  ३ जनालाई नै एसो. एस. बालगृह धनगढीमा पठनपाठन गरिरहेका छन ।
- ३० जना एकल महिलाहरुलाई सिप विकास अन्तर्गत गुन्द्रुक मस्यौरा बनाउने तालिम लिएको ।
- १५ जना अपांग व्यक्तिहरुलाई चिया नास्ता (नमकिन, समोसा, चाउमीन, जेरी र मम) बनाउने तालिम लिई ६ जनाले व्यवसाय संचालन गरि नाफा लिई रहेका ।

## ३) शिक्षा

- कोभिड महामारीले शिक्षा क्षेत्रमा पारेको प्रभाव न्युनिकरणका लागि स्थानीय एफएम रेडियोहरुवाट बैकल्पिक शिक्षा कक्षा संचालनका गरिएको ।
- मंगलसैन नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारका लागि २ वटा ४ कोठे पक्की भवन ३ वटा सरसफाईयुक्त सौचालय निर्माण ८ वटा २ वटा कोठे भवन निर्माण ।
- पालिकाका ५ वटा विधालयहरुमा प्रविधि युक्त सामाग्री जडान तथा सहयोग २ वटा विधालयमा पुस्तकालय निर्माण ।
- नगरपालिका दुईवटै क्याम्पसहरुमा पुर्वाधार विकास अन्तरगत छात्रावास र भवन निर्माण भएको ।

## घ) संस्थागत विकास,सेवा प्रवाह र सुशासन

- विश्व कोरना महामारीको वर्तमान अवस्थामा गत आ.व.२०७६।०७७ को तुलनामा यस आर्थिक वर्ष २०७७।०७८ को पौष मसान्त सम्म रु ८,९३,०७६.७२। बढि रकम राजश्व असुलि भएको छ । यो रकम गत आ.व.को पौष मसान्तको भन्दा २७.८८ प्रतिशतले बढी राजश्व संकलन भएको ।
- पालिकाको प्रशासनिक भवन सम्पन्न भई सबै सेवाहरु नया भवन वाट दिन थालिएको । र वडाको सेवालाई प्रभावकारी बनाउन वडा ३ र ६ नम्बरको प्रशासनिक भवन निर्माण भई सम्पन्न भएको ।
- स्वास्थ्य संस्थाको भवन वडा नं ३, ४ र ६ मा निर्माण भएको ।
- स्वास्थ्य तथा प्राविधिक शाखा अन्तरगतका कर्मचारीहरुले क्षमता विकास तालिमहरु प्रदान गरेको ।

## ङ) वातावरण तथा विपद व्यवस्थापन

- कैलास खोलामा आएको वाढीले क्षति पुराएका घरपरिवारको लगत संकलन उक्त घरपरिवारलाई तत्काल मानवीय सहायत गर्न खाधन्न सहयोग भएको

- कोरोना महामारीलाई न्युनिकरण गर्न पालिका तथा वडा स्तरमा खाधन्न सहयोग, स्वास्थ्य सामाग्री, जनचेतनाका कार्यक्रमहरु संचालन गरेको ।
- पालिकाले कोरोना महामारी नियन्त्रणका लागि ३८ करेन्टाईन तथा आईसोलेसन सेन्टर निर्माण गरि काम गरि सेवा दिएको ।

## ४. नगरपालिकाकोको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| क | स्वास्थ्य | | वडागत रुपमा लगत लिनु पर्ने । | |
| १ | स्वास्थ्य चौकी, शहरी स्वास्थ्य र स्वास्थ्य केन्द्र एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संस्या | प्रतिशत | वडागत रुपमा घरधुरी संख्या कम्पाईल नभएको तर पालिकाका सबै वडाहरुको तुलना गरेर हेर्दा सबै भन्दा टाढाका वडाहरुवाट स्वास्थ्य चौकी आउन लाग्ने संख्या सरदर ३ घण्टा सम्म समय लाग्छ । | |
| २ | वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएका ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका | प्रतिशत | २५५० वालवालिका रहेका छन । | |
| ३ | पूर्ण खोप लगाउने एक बर्ष मुनीका बालबालिका | गत वर्षको ६४.७ प्रतिशत हालको ७९.१ प्रतिशत | • गत वर्षको ७९३ र लक्षित ७९१ लक्ष्य लिईएको थियो ।<br>• पालिकालाई दिईएको लक्ष्य नै बढी र वास्तविक जन्मदर कम भएका कारण फरक परेको ।<br>• नियमित मासिक खोप लगाउने स्वसयमसेविका परिचालन वालवालिकाको हेड गणना गर्ने । | |
| ४ | प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको | गत वर्ष ४८.३ प्रतिशत | गत वर्षको वार्षिक लक्ष्य ९६५ मध्य गर्भवति ४५२ ले पस्तुति पुर्व | |

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| | कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने महिला | हालको ७१.४ प्रतिशत | ४ पटकको सेवा लिएको ।<br>५८१ जना ३ पटक स्वास्थ्य जाच गर्नेको संख्या रहेको छ ।<br>नेपाल सरकार दिने लक्ष्य नै फरक रहने गरेको । सम्पुर्ण गर्भवति आमा र नवजात शिशुको स्वास्थ्य चेक जाँचका लागि महिला स्वयमसेविका स्वास्थ्य कार्यकर्ता मार्फत जनचेतनाका क्रियाकलापहरु संचालन गरिदै आएको ।<br>शतप्रतिशत ४ पटक प्रस्तुती जाँच नभएको । | |
| ५ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती गराउने महिला | गत वर्ष ६३.४ प्रतिशत<br>हालको ९४.६ प्रतिशत | ७७० जनाले दक्ष्य स्वास्स्य कर्मीवाट सुत्केरी भएको । जिल्ला अस्पताल समेत<br>जिल्ला अस्पताल भएका कारण पालिका भन्दा वाहिरको संख्या पनि जोडिएको । | |
| ६ | आईरन चक्की (जम्मा २२५ वटा) खाएका गर्भवती तथा सुत्केरी महिला | गत वर्षको ४८.३ प्रतिशत र हालको ७१.४ प्रतिशत | ६८४ जनाले प्रतिशत जनाले आईरन चक्की खाएका । | |
| ७ | झाडा पखालाबाट मृत्यु भएका बालबालिका | ० संख्या | जनचेतनाको विकास भएको जनतको पहुँचमा स्वास्थ्य सेवा रहेको । स्वास्थ्य सेवाको विस्तार । नागरिकको आनीवानीमा परिर्वतन । | |
| ८ | स्थानीय स्वास्थ्य संस्था (स्वास्थ्य चौकी) बाट सेवा लिने घरपरिवार | संख्या | दैनिक सरदर १४० घरपरिवारले स्वास्थ्य संस्थावाट सेवा लिने गरेको । | |
| ९ | एच.आई.भि एड्स संक्रमित | संख्या | जिल्ला अस्पतालवाट लिनु पर्ने । | |
| ख | शिक्षा | | | |

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| १ | आधा घण्टा भित्र प्राथमिक विद्यालय पुग्ने बालबालिका | संख्या | ३ वटा विधालय बाहेक सबै विधालयहरुमा आधा घण्टा भित्र पुग्न सक्छन । समुदायमा कतिपय स्थानहरुमा दोहोरो बस्ती छ जसका कारण विधालय टाढा छन । | शिक्षा शाखा |
| २ | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | प्रतिशत | तथ्यांक कम्पाईल नभएको । १० वर्षे नगरशिक्षा योजना निर्माण भईरहेको छ । सो पश्चातमात्र जानकारी हुने । | |
| ३ | प्राथमिक विद्यालयमा पहूँच नभएका सो उमेर समुहका बालबालिका | प्रतिशत | सर्वे तथ्यांक नभएको । | |
| ४ | कक्षा १ मा खुद भर्नादर छात्र÷छात्रा | प्रतिशत | सर्वे तथ्यांक उपलब्ध छैन । | |
| ६ | प्राथमिक तहमा | प्रतिशत | | |
| ७ | आधारभूत शिक्षा-कक्षा ८) प्राप्त गरेका बालबालिका | प्रतिशत | ३५९६ वालवालिकाले प्राप्त गरेका । | साक्षर नगरपालिका घोषणा पत्र २०७६ |
| ८ | प्राथमिक तहमा तालिम प्राप्त शिक्षक | संख्या | १५० जना स्थानीय अस्थायी र करार | |
| ९ | दरबन्दी अनुसार पदपूर्ति भएका विद्यालय | संख्या | ४९ वटा विधालय | |
| १० | प्रति कक्षा कोठा विद्यार्थी | संख्या | विधालय अनुसार कक्षा कोठाको तथ्यांक उपलब्ध छैन । | |
| ११ | बाह्य सहयोगमा निर्मित विद्यालय कोठा | संख्या | १ NSSP को सहयोगमा रेप्टो फिटिंग भएको । | |
| १२ | स्थानीय तहबाट निर्मित विद्यालय कोठा | संख्या | २ लागत साझेदारी | |
| १३ | कक्षा १० उत्तिर्ण दलित बालबालिका | संख्या | १६३ जना शैक्षिक सत्र २०७७ | |

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| १४ | बालमैत्री धारा भएका विद्यालय | संख्या | २ वटा विधालयहरु NSSP को सहयोगमा निर्माण भएको । | |
| १५ | छात्र-छात्राका लागि अलग अलग शौचालय भएका विद्यालय | संख्या | ४९ वटै विधालयहरुमा अलग अलग नै छन । | |
| ग | खानेपानी तथा सरसफाई | | | |
| १ | सुलभ खानेपानी सुविधा पुगेको परिवार | ९५ प्रतिशत | पालिकाको वडा नं ५ का बजार क्षेत्रका केही घरधुरीहरुले महसुल तिर्ने गरेको । वाकी सबै घरधुरी धारा र पाईलानकोपानी खाने गरेको । | २०७४ नगर प्रोफाईल |
| २ | शौचालय प्रयोग गर्ने घरपरिवार | ९६ प्रतिशत जम्मा ५४८१ऽ नभएका १९७ | जम्मा ५४८१ घरपरिवारले शौचालयले प्रयोग गर्ने गरेको र वाकी १९७ ले अझै शौचालयको प्रयोग गर्ने गरेका छैन । | २०७४ नगर प्रोफाईल |
| ३ | खानेपानी सुविधा भएका विद्यालय (सामुदायिक, संस्थागत) | ५५ संख्या | सबै विधालयमा खानेपानीको सुविधा रहेको छ । | २०७४ नगर प्रोफाईल |
| ४ | शुलभ शौचालय भएका विद्यालय (सामुदायिक, संस्थागत) | ५५ संख्या | सबै विध्लयमा शौचालयको प्रयोग भईरहेको छ । | २०७४ नगर प्रोफाईल |
| ५ | टोल, वस्तीमा भएका सार्वजनिक शौचालय | १७ वटा संख्या | पालिकाका विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयहरु प्रयोगमा रहेको छ । | २०७४ नगर प्रोफाईल |
| घ | बालबालिका तथा महिला र सामाजिक हिंसा | | | |
| १ | कमतौल, पुड्को र ख्याउटेपन भएका पाँच वर्ष मुनिका बालबालिका | प्रतिशत | पालिका अनुसार सर्वेको रिपोट उपलब्ध नभएको । | |
| २ | जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | वडागत रुपमा तथ्यांक हुने । | |
| ३ | बाल विवाह गर्ने बालबालिका | ५-१० प्रतिशत | नगरपालिकाका सबै वडाहरुमा सरदर ५-१० प्रतिशत वालविवाहका घटना हुने गरेको तर घटना दर्ता | महिला तथा वालवालिका शाखा |

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| | | | भएको छैन । वालविवाह न्युनिकरणका लागि कार्यक्रमहरु संचालन गर्ने एकिन तथ्यांक संकलन गर्ने । | |
| ४ | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका | १०७७ संख्या | ५७ वटा वालविकास केन्द्रमा १०७७ जना वालवालिका (४९७ वालकऽ ५८० वालिका) रहेका छन । | २०७४ नगर प्रोफाईल |
| ५ | बाल श्रमिक | २७ जना | वडा नं ३ ४ ५ मा जम्मा २७ जनाको संख्या रहेको । एकिन तथ्यांक नगरपालिकासँग छैन । हाल सर्वे गर्ने तयारी । | नयाँ तथ्यांक सर्वे गर्नु पर्ने । |
| ६ | बाल क्लव तथा संजाल | १५ संख्या | पालिका र वडास्तरमा वालसंजाल निर्माण भएका छन । वालक्लवको गठन पुर्नगठनका लागि काम हरु भईरहेको । | |
| ७ | घरपरिवार र समुदायमा महिला र बालबालिका विरुद्ध भएका हिंसा वा दुव्र्यवहारका घटना | १६ संख्या | ५ वटा घटनामा पालिकाले सहयोग गरेको । अन्य केशहरु दर्ता हुन नसकेका । | |
| ८ | समुदाय र सार्वजनिक स्थानमा दलित विरुद्ध भएका हिंसा वा दुव्र्यवहारका घटना | संख्या | हाल सम्म कुनै पनि प्रकारको घटना दर्ता नभएको । | |
| ङ | रोजगारी र गरिवी निवारण | | | |
| १ | स्थानीय प्रयासवाट उपलव्ध रोजगारी | ० संख्या | | |
| २ | स्वरोजगारमा संलग्न घरपरिवार | ० संख्या | | |
| ३ | कृषि तथा पशुपालन क्षेत्रमा स्वरोजगार भएका वा यस क्षेत्रवाट दिईएको रोजगारी | १४१ संख्या | • साना तथा सिमान्तकृत किसानहरुलाई विभिन्न किसिमका वीउवीजन वितरण गरि रोजगार उन्मुख गरिएको । | |

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| | | | • ७ वाख्रा खोर सुधार, ७ जनालाई कुखुरा, ३ मासु पसल<br>• नियमित अनुगमन | |
| ४ | लघु तथा घरेलु उद्यम | ९७ संख्या | MEDPA को सहयोगमा ९० जना लक्ष्य लिएको मा पालिकामा ८ दिन उधम विकास तालिम दिएको । | |
| ५ | लघु, घरेलु उद्यममा संलग्न महिला, दलित, विपन्न | संख्या | N/A | |
| ६ | न्यूनतम् १०० दिनको रोजगारीमा संलग्न श्रमिक | २५९ संख्या | लक्ष्य ३०४ जनालाई लक्षित गरिएकोमा २५९ जनाले १०० दिन काम गरि रोजगार पाएका । | |
| च | सेवामा पहूँच | | | |
| १ | ३० मिनेट भित्र स्थानीय बजार पुग्न सक्ने घरपरिवार | संख्या | प्रत्येक स्थानीय बजारहरु रहेका छन । प्रत्येक वडा अनुसार घरधुरी सर्वेक्षण रिपोट उपलब्ध नभएको । | |
| २ | ३० मिनेट भित्र कृषि÷पशु सेवा केन्द्र पुग्न सक्ने घरपरिवार | संख्या | कृषि तथा पशु शाखा नगरपालिकाको कार्यालयमा रेहको र प्रत्येक वडाहरुमा कृषि प्राविधिक र पशु सेवा प्राविधिक नियुक्त गरि सेवा दिईरहको । | शाखा |
| ३ | स्थानीय तहले भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गलाई विशेष सुविधा दिएको | विवरण लेख्ने | आर्थिक सहायत उपचार खर्च तथा गर्भवतिलाई कोसेली कार्यक्रम संचालन गरिएको । | |
| ४ | बाल उद्यान वा पार्क | संख्या | छैन । | |
| ५ | बाह्रै महिना सार्वजनिक यातायातको पहुँचमा रहेका जनसंख्या (अधिकतम् ३० मिनेटको पैदल दुरीमा) | प्रतिशत | कैलाश खोला देखि ठुलासैनसम्म वाह्रै महिना चल्ने पक्की सडक छ अन्य स्थानीय सडकहरु सिजन अनुसार संचालन हुने गरेका छन । | |

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| ६ | मोवाईल फोन र इन्टरनेटको सुविधा भएका घरपरिवार | प्रतिशत | जम्मा १७ घरपरिवार २०७४ को घरधुरी सर्वेको तथ्यांक अनुसार | |
| छ | संस्थागत विकास | | | |
| १ | ऐन, कार्यविधि, निर्देशिका, नीति, योजना वा कार्यक्रम | संख्या | ऐन संख्याः ७<br>कार्यविधि संख्याः २१<br>निर्देशिका संख्याः ११<br>नीति योजना तथा कार्यक्रमः४ | |
| २ | स्थानीय शासन प्रकृयामा नागरिक सहभागिता (योजना तर्जुमा, नीति नियम तर्जुमा, अनुगमन, सामाजिक जवाफदेहीता) | संख्या | पालिकाले स्थानीय तहको योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रिया अनुसार टोल तथा बस्तीस्तरमा महिला तथा सिमान्तकृत वर्ग समुदायका नागरिकहरुको उल्लेख्य सहभागिता गर्ने गरिएको छ । तर योजनाको अनुगमन प्रणालीमा सर्वसाधरण नागरिकलाई जोडिएको पाईदैन र त्यस्ते खालको संयन्त्र निर्माण छैन । | |
| ३ | कार्यालयका कर्मचारी | संख्याऽ स्थानीयऽ कर | • पालिका जम्माः८६ कुल ६९ दरबन्दीमा २३ जना मात्र पदपुरर्ति, ६३ जना करार नियुत्ती ।<br>• पशुशाखाः<br>• कृषि शाखाः<br>• शिक्षा शाखाः<br>• स्वास्थ्य शाखा | |
| ४ | भौतिक पूर्वाधार (कार्यालय भवन, सवारी साधन, कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर) | संख्या | | |
| ५ | अन्य कार्यालय, निकाय, निजी क्षेत्र र स्थानीय तह संगको समन्वय र सहकार्यमा भएका | संख्या | • पीसिआर मेसिन संचालनका लागि कमल बजार नपासँग सहकार्य | |

| नगरपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गएको आर्थिक वर्ष २०७७/०७८ | प्रयासहरु | सूचनाको स्रोत |
| | कार्यहरु (विवरण समेत लेख्ने) | | भएको ।<br>• डिभिजन वन कार्यालयसँगको साझेदारीमा मगलसेन दरवार प्रवेश गेट र सिडी निर्माणमा साझेदारी भएको ।<br>• मालिका विकास संघ नेपाल परिवर्तन परियोजना अन्तर्गत महिला उधमीहरुका लागि ईन्टरलक ईटा उधोगमा साझेदारी भएको । | |

## ६. गत वर्षमा भोगेका समस्याहरू

- पालिकाको आवाधिक योजना, क्षेत्रगत योजना मध्य कालिन खर्च संरचना तथा दिर्घकालिन योजना निर्माण हुन नसक्नु ।
- पालिकाको योजना वैक बनाउन नसक्नु ।
- स्थानीय नागरिकहरुमा पनि पालिककाको कार्यक्रम हो हाजिर लगाए भई हाल्ल भन्ने मान्यता हुनु (रोजगार) ।
- कोरोना महामारीले पालिका बन्दा बन्दी भएपछि नियमित क्रियाकलाप संचालन तथा कार्यसम्पादनमा कठिनाई ।
- कृषिउपज बीउ विजनको अत्यधिक माग  आउनु र माग अनुसार वितरण गर्न सहयोग नहुनु ।
- वडाबाट बर्षको अन्त्यतिर योजना सम्झौताका लाउँदा एकचौटी सम्झौता, भुक्तानीको लागि टिप्पणी लगायतको कार्यहरु गर्दा भिडभाड हुने गरेको ।
- आवश्यक कागजातहरु लिई सम्झौता गर्न नआउँदा सेवाग्राहीहरुले दुख पाउने गरेको र सम्झौताका लागि अनावश्यक दबाव दिने गरेको ।
- पशु सेवा शाखाका कर्मचारीहरुको समयमै कार्यक्षेत्र र जीम्मेवारी नतोकीएकाले कार्य संचालनमा कठिनाई ।
- स्रोतको कमीका कारण पालिकाका ठुला योजनाहरु संचालन गर्न नसकेको ।

- सार्वजिक सेवा प्रवाह सेवामा गुणस्तरीयता दिन बरबन्दी अनुसार पद पुर्ति हुन नसक्नु ।
- सबै वडाहरुमा सेवा प्रभावकारीताका लागि प्रशासनिक भवन नहुनु ।
- आम्दानीका सोतहरु न्युन हुनु । नागरिक आवश्यकता धेरै भएका कारण योजनालाई टुक्रा टुक्रा बनाउनु पर्ने ।

## ७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- पालिकाले निर्माण गरेको नीति र कार्यक्रमका बीच कुनै तालमेल हुन नसकेका कारण आगामी दिनमा नीति अनुसारको कार्यक्रम तथा बजेट निर्माणमा ध्यान दिनु पर्ने ।
- पालिकाको पुराना कामहरुको व्यवस्थित अभिलेखिकरण हुनु पर्ने ।
- पालिकाको आवाधिक योजना, क्षेत्रगत योजना मध्य कालिन खर्च संरचना तथा दिर्घकालिन योजना निर्माण गर्नु पर्ने ।
- पालिकाको आफनै योजना वैक बनाउनु पर्ने ।
- कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि प्राविधिक क्षमता समेत विकास गर्नु पर्ने ।
- सबै वडाहरुको प्रशासनिक भवन निर्माण गरिनु पर्ने ।
- कार्यक्रमको नियमित अनुगमनको कमी भएको छ, नगरपालिकाले वार्षिक रुपमा सम्पादन गरेका क्रियाकलापहरुको प्रभावकारी रुपमा समिक्षा हुन नसकेको ।
- नागरिकका वास्तविक आवश्यकताहरुका वारेमा छलफल नभई योजना निर्माण नहुनु पालिकाले टोलबस्तीस्तरमा नागरिकहरुसँग प्रर्याप्त छलफल गरिनु पर्ने ।
- पालिका अन्तरगत सम्पादन भएका क्रियाकलाप तथा प्रगतिहरुको वार्षिक रुपमा सफलताका कथा सहितका विवरण प्रकाशन गरिनु पर्ने ।
- उपभोक्ता समितिहरुलाई योजना सम्झौताका लागि नगरपालिका पठाउँदा वडा कार्यालयबाट आवश्यक कागजातहरु पुर्याएर मात्र पठाउनुपर्ने ।

## ८. सामाजिक परिक्षणको क्रममा भेलावाट आएका सवाल तथा सुझावहरु

- कृषि क्षेत्रमा भएको लगानीको अनुगमन तथा मुल्यांकन भएन पालिकावाट वितरण गरिएका पलाष्टिक टनेलहरुको समेत सदुपयोग नभएको । कृषकहरुले समेत वीउवीजनको सदुयोग नगरेको ।
- नगरपालिकाले शिक्षा स्वास्थ्यलाई प्राथमिकतामा राख्नु पर्ने । शिक्षा शाखामा कर्मचारीको अभाव छ जसका कारण प्रभावकारी कार्यसम्पादन हुन सकेन ।
- सामाजिक परिक्षण कार्यलाई टोलबस्तीस्तरमा समेत संचालन गरिनु पर्ने वडास्तरमा भएको सेवा प्रवाहको स्थितिलाई समेत छलफल गरिनु पर्ने ।
- नगरपालिकाले बजारक्षेत्रमा रहेको अव्यवस्थित फोहोर तथा खानेपानीलाईनलाई व्यवस्थापन गरिनु पर्ने ।

- लक्षित वर्गका सन्दर्भमा अपांगता भएका व्यक्तिहरुका लागि पनि समावेशी कोटाहरुको व्यवस्थापन गरिनु पर्ने ।

## ९ निष्कर्ष

मंगलसेन नगरपालिकाको सामाजिक परिक्षण सामाजिक परिक्षण कार्यविधि २०७७ अनुसार सम्पन्न भएको छ । नगरपालिकाले नगरको नीति कार्यक्रम बजेट र सार्वजनिक सेवा प्रवाहको स्थिति तेस्रो पक्षवाट अध्ययन तथा सार्वजनिक गर्यो उक्त प्रक्रिया असाध्यै प्रभावकारी रह्यो । खासमा पालिकाले सामाजिक परिक्षणका माध्यमवाट सार्वजनिक लेखाजोखा गर्ने प्रयास असाध्यै प्रभावकारी छ । सामाजिक परिक्षणले सेवाप्रदायक र सेवाग्राहीका बीचमा समधुर सम्बन्ध स्थापना गरि प्रभावकारी रुपमा सेवा प्रवाह र सेवाको गुणस्तर सुधारमा सहयोग पुराउने छ । सामाजिक परिक्षणको क्रममा कार्यालयमा नगरप्रमुख उपप्रमुख तथा जनप्रतिनिधिहरु, शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीसँग गरिएका छलफल तथा अन्तरक्रियामा विभिन्न खालका सुचनाहरु संकलन भएका थिए । उक्त सुचनाहरुको विश्लेषण गर्दा नगरपालिकाले वास्तविक लक्षित वर्गको जीवनस्तरमा सकारात्मक प्रभाव पार्न बढी भन्दा बढी प्रयास गर्नु पर्ने देखिन्छ । सामाजिक परिक्षण प्रतिवेदन तयारी तथा प्रतिवेदन माथिको छलफल गर्दा सरोकारवालाहरुवाट पालिकालाई महत्वपुर्ण सुझाव तथा आगामी दिन हरुमा सम्पादन तथा सुझारका सुझावहरु प्राप्त भएका छन । उक्त सुझावहरुहरु प्रभावकारी कार्यान्वयनका लागि पालिकाले नितिगत रुपमा वा योजनागत रुपमा पहल गर्नुपर्ने महशुसीकरण भएको छ । नगरपालिकाले पारदर्शि रुपमा ऐन नियमको कार्यविधिहरुको कार्यान्वयन गरेको पाईएको छ अझै यसको निरन्तरता र सुझावहरुको कार्यान्वयनको दिनु पर्नेछ ।

# धन्यवाद ।

सामाजिक परिक्षक
नामः रतन बहादुर रावल
सामाजिक परिक्षक
संस्थाको नामः ईनलोगस/मालिका विकास संघ नेपाल